# सरावल गाँउपालिका

## नवलपरासी, (बर्दघाट सुस्ता पश्चिम)

## स्थानीय राजपत्र


| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः८ | जेठ महिना १ गते, २०८१ |


### भाग २

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ बमोजिम सरावल गाउपालिकाको गाउँसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**कार्यविधिको नामः उपचारमा आउने नयाँ कुष्ठ रोगका बिरामीलाई पौष्टिक आहार वितरण कार्यबिधी २०८१**

सरावल गाउँपालिका

# उपचारमा आउने नयाँ कुष्ठ रोगका बिरामीलाई पौष्टिक आहार वितरण कार्यविधी २०८१

स्वीकृत मिति २०८१/०२/०१
प्रमाणिकरण मितिः- २०८१/०२/०१
प्रकाशित मितिः२०८१/०२/०१

**"प्रस्तावना"**

सरावल गाउँपालिका भित्रका कुष्ठरोगका बिरामीहरुको उपचारमा नियमितता ल्याउन पोषण अवस्था सुधारको लागि गरिने सहयोगलाई व्यवस्थित गर्न वान्छनीय भएकोले सरावल गाउँपालिकाले यो कार्यविधी बनाइ लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

यस कार्यबिधीको नाम उपचारमा आउने नयाँ कुष्ठ रोगका बिरामीलाई पौष्टिक आहार वितरण कार्यबिधी २०८१ रहेको छ ।

यो कार्यबिधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क. "नयाँ कुष्ठरोगी" भन्नाले कुष्ठरोग सेवा रजिस्टरमा दर्ता भएका कहिले पनि उपचार नपाएका वा उपचार पश्चात पुनः रोग बल्झिएर उपचारमा आएका बिरामी बुझ्नु पर्दछ

ख. "स्वास्थ्य संस्था" भन्नालेकुष्ठ रोगको उपचार सेवा प्रदान गर्ने सरावल गा.पा.भित्रका सरकारी स्वास्थ्य संस्थाहरु बुझ्नु पर्दछ ।

ग. "पोषण खर्च" भन्नाले कुष्ठरोगका बिरामीलाई उपलब्ध गराइने पौष्टिक आहार वापतको रकम बुझ्नु पर्दछ ।

घ."गाउँपालिका" भन्नाले सरावल गाउँपालिका बुझ्नु पर्दछ ।

**३. कार्यक्षेत्रः** सरावल गाउँपालिका भित्रका सबै वडाहरु

**४. लक्षित समुह** : स्वास्थ्य संस्थामा दर्ता भएका कुष्ठरोगका बिरामीहरु

**५.उद्देश्यहरुः**

सरावल गाउँपालिका

(क) लुकेका कुष्ठरोगका बिरामीहरुलाई समयमै पत्ता लगाइ नियमित उपचारमा ल्याउने

(ख) नियमित उपचार पुरागर्न प्रोत्साहन गर्ने

(ग) गाउँ पालिकामा  कुष्ठ रोग निवारण गर्ने

(घ) कुष्ठ रोग मुक्त गाउँपालिका बनाउने

**६. आवश्यक कागजात**

पोषण  वापत खर्च रकम भुक्तानी  पाउन तपसिल को कागजात सहित स्वास्थ्य  संस्थाबाट निबेदन आउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वा जन्म दर्ताको प्रतिलिपी , नागरिकता नबनेको नागरिकको हकमा वडाको स्थायी बसोबासी हो भनी वडाबाट प्रमाणित पत्र

(ख) स्वास्थ्य संस्थामा दर्ता भै उपचारमा रहेको देखिने कार्डको प्रतिलिपि

(ग) अनुसूची-१ अनुसारको रकम बुझेको भरपाई ।

**७. पोषण खर्च  वापत प्रदान गरिने रकम** : एम बी.बिरामीको लागि १२ महिना र पी.बी. बिरामीको लागि ६ महिना सम्म उपचार लिएको महिनाको लागि मात्र मासिक ३०० |- का दरले नगद उपलब्ध गराइने छ । यसका लागि बिल पेश  गर्नु पर्ने छैन ।

८. यो कार्यबिधी बमोजिमको रकम आ.ब. २०८०/८१ देखि दर्ता भएका बिरामीको हकमा मात्र लागु हुने छ ।

सरावल गाउँपालिका

अनुसूची १

सरावल गाउँपालिका

स्वास्थ्य संस्थाको नाम

कुष्ठ रोगका बिरामीले पौष्टिक आहार वापत मासिक ३००|- का दरले खर्च रकम बुझेको भरपाई

| क्र.सं. | दर्ता मिति र प्रकार | नामथर | उमेर | लिंग | ठेगाना | महिना | | रकम | बुझ्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

तयारगर्ने
नामथर
पद
दस्तखत

प्रमाणित गर्ने
नामथर
पद

**आज्ञाले**

**विशाल मिश्रा**

**प्रमुख प्रशासकीय अधिकृत**

सरावल गाउँपालिका